Shikshya Patra 28 April 2019 p-6.

# सार्वजनिक शिक्षाको अर्ध–निजीकरण



डा. प्रमोद भट्ट

> सार्वजनिक शिक्षामा थप प्रतिबद्धता जाहेर गरिरहेको 'राजनीतिक' सन्देश दिँदादिँदै पनि राज्यले विद्यालय शिक्षाको निजीकरण र सार्वजनिक विद्यालयको सामुदायीकरणमार्फत 'अर्ध-सरकारी' शिक्षालाई प्रेरित गरिरहेको छ ।

राज्यले सबैका लागि एकैनासको राष्ट्रिय पद्धतिको शिक्षा विकास गर्न थालेको ७० वर्ष पुग्न लाग्यो। सबैलाई विद्यालय दीक्षित बनाउने दौरान हामीले १४ ओटा आवधिक विकास योजना, आठवटा विभिन्न प्रकृतिका राष्ट्रिय शिक्षा आयोग तथा अन्तर्राष्ट्रिय दातृ निकाय समेतको सहयोगमा कम्तीमा पाँचवटा राष्ट्रिय परियोजना सञ्चालन गरेका छौं। सन् १९९० को राजनीतिक परिवर्तनयता राज्यले सार्वजनिक शिक्षाप्रति राष्ट्रिय प्रतिबद्धता झन् दरिलो बनाउँदै ल्याएको छ। त्यसयता जारी भएका सबैजसो संविधानले (मूलतः) 'विद्यालय शिक्षामा पहुँच' लाई नेपाली नागरिकको मौलिक हकका रूपमा स्थापित गर्दै आएका छन्, आधारभूत शिक्षालाई निःशुल्क एवं अनिवार्य तथा माध्यमिक शिक्षालाई क्रमिक रूपमा निःशुल्क बनाउने परिकल्पना गरेका छन्। फलस्वरूप, शिक्षाको विस्तार व्यापक भएको छ र शिक्षामा बालबालिकाको समतामूलक पहुँच उल्लेख्य बढेको छ।

यसै अवधिमा सार्वजनिक शिक्षाको क्रमिक क्षयीकरण भने भइरहेको छ। क्षयीकरण यस अर्थमा कि सार्वजनिक विद्यालयमा एकातर्फ विद्यार्थी संख्या घट्दै गइरहेको छ, अर्कोतर्फ जनमानसमा सार्वजनिक विद्यालयको साख तथा वैधानिकता दुवै गिर्दो छ, जसले गर्दा ती अरू विकल्प नभएका निम्न वर्गीय गरिब तथा सीमान्तकृत समूहका छोराछोरी पढ्ने विद्यालयमा परिणत भइरहेका छन्। जुन समयमा नेपाली समाजको सबैभन्दा बढी लोकतान्त्रीकरण भएको भनिएको छ, त्यसै अवधिमा विद्यालय शिक्षामा व्यापक निजीकरण भइरहेको छ। निजी विद्यालयमा अध्ययनरत विद्यार्थीका औसत उपलब्धि तथा तिनले प्राप्त गर्नसक्ने जीवन-मौका सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका भन्दा निकै उच्च छन्। हाल जुन सार्वजनिक विद्यालयहरू राम्रा र सफल भनिएका छन्, तिनको आधारभूत स्वरूप तथा सञ्चालन प्रक्रिया पनि निजीभन्दा फरक छैन। तिनले सारमा निजीलाई नै अनुसरण गरिरहेका छन्। यसरी सार्वजनिक विद्यालयको 'सार्वजनिकत्व' माथि चारैतिरबाट प्रश्न उठिरहेको छ।

## अपर्याप्त लगानी र सदैव शिक्षक अभाव

नेपाली राज्यले 'सबैका लागि शिक्षा' अभियानअन्तर्गत अन्तर्राष्ट्रिय दातृ निकायसमेतको संलग्नतामा विद्यालय शिक्षामा व्यापक लगानी गर्दै आएको छ। यस्तो लगानीले विद्यालयको भौतिक पूर्वाधार, निःशुल्क पाठ्यपुस्तक तथा छात्रवृत्तिको उपलब्धता तथा अन्य आधारभूत शैक्षणिक पक्षलाई सुदृढ गर्दै लगेको छ। राज्यले अधिकांश सार्वजनिक विद्यालय सञ्चालनको सम्पूर्ण खर्च भने व्यहोरेको छैन।

सबैले आस गरिरहेको सार्वजनिक विद्यालयको उन्नयन र रूपान्तरणजस्तो जटिल विषय धेरै हदसम्म दक्ष शिक्षकको पर्याप्ततासँग जोडिन्छ। अन्यत्र झैं नेपालमा पनि विद्यालय सञ्चालन खर्चको सबैभन्दा ठूलो व्ययभार शिक्षकको तलब हो। विभिन्न अध्ययनले नेपालका सार्वजनिक विद्यालयमा शिक्षक दरबन्दी करिब ६० हजारसम्म अपुग रहेको देखाएका छन्। र, यी दरबन्दी मुख्यत माध्यमिक तहमा खासगरी गणित, अंग्रेजी तथा विज्ञानका विषयमा अपुग छन्। हाल उपलब्ध दरबन्दी पनि समानुपातिक किसिमले वितरण भएको छैनन्। विशेषगरी सहरी क्षेत्रमा शिक्षक-विद्यार्थी अनुपात कम छ भने ग्रामीण तथा तराई क्षेत्रमा यो अनुपात उच्च छ। शिक्षा मन्त्रालयकै तथ्यांकअनुसार करिब तीन हजार सामुदायिक विद्यालयमा राज्यले एउटा पनि दरबन्दी उपलब्ध गराएको छैन। करिब सात हजार चार सय सामुदायिक विद्यालयमा राज्यले एउटा मात्र दरबन्दी उपलब्ध गराएको छ। र, करिब सात हजार पाँच सय सामुदायिक विद्यालयमा राज्यले दुईवटा मात्र दरबन्दी उपलब्ध गराएको छ।

अर्थात्, धेरै सामुदायिक विद्यालयमा राज्यले आफैंले निर्धारण गरेको न्यूनतम शिक्षक संख्याको सुनिश्चितता गर्न सकेको छैन। बीस वर्षभन्दा बढी समययता नेपाली राज्यले थप शिक्षक दरबन्दी सिर्जना गर्न सकेको छैन जबकि सोही समयमा सैनिक तथा सशस्त्र प्रहरीको संख्यामा भने दोब्बरभन्दा बढी वृद्धि गरिएको छ। राज्यले पर्याप्त मात्रामा शिक्षक उपलब्ध गराउन नसकेकैले धेरैजसो सार्वजनिक विद्यालयले विद्यार्थीबाट विभिन्न किसिमका शुल्क उठाएर निजी स्रोतमा अपुग शिक्षक पूर्ति गरिरहेका छन्। यस्ता विद्यालयलाई मैले अर्ध-सरकारी विद्यालय र यस्तो प्रवृत्तिलाई सार्वजनिक शिक्षाको अर्ध-निजीकरण वा भन्ने गरेको छु।

## सार्वजनिक शिक्षाको अविस्तार

राज्यले आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य भन्दै गर्दा पनि जनसंख्या वृद्धिदर उच्च रहेका खासगरी सहरी क्षेत्रमा लामो समययता राज्यको पहलमा नयाँ सार्वजनिक विद्यालय खुलेका छैनन्। भएका सार्वजनिक विद्यालय पनि घरेलु कामदार तथा निम्न, मजदुर वर्गका छोराछोरी पढ्ने ठाउँमा परिणत भइरहेका छन्। तिनमा विद्यार्थी संख्या घट्दै गएको छ र ती बिस्तारै बन्द हुँदै गएका छन्। उदाहरणका लागि नेपालको पहिलो विद्यालय दरबार हाइस्कुललाई लिन सकिन्छ। अन्य देशमा भएको भए त्यसको सानै बेग्लै हुन्थ्यो तर हामीकहाँ भूकम्पपछि त्यो ठडिन सकेको पनि छैन। हाल भएका सहरी सार्वजनिक विद्यालय पनि 'मर्ज' र बन्द हुने क्रममा छन् र यस्ता स्थानमा सेवारत सार्वजनिक विद्यालयको संख्या घटिरहेको छ। उदाहरणका लागि, उच्च जनसंख्या वृद्धिदर रहेको काठमाडौंमा विगत एक दशकमा जम्मा दुईवटा नयाँ सामुदायिक विद्यालयलाई सञ्चालन अनुमति दिइएको छ र त्यो पनि मुख्य सहरी क्षेत्र इतरमा। त्यस्तै, ललितपुरमा छ वर्षयता एउटा पनि नयाँ सामुदायिक विद्यालयलाई सञ्चालन अनुमति दिइएको छैन। यसै अवधिमा यिनै सहरमा निजी विद्यालयले सयौंको संख्यामा सञ्चालन अनुमति पाएका छन्। त्यसो त नेपालका




अधिकांश सार्वजनिक विद्यालय समुदायकै अग्रसरतामा स्थापना एवं सञ्चालन हुँदै आएका हुन्। राज्यले वा राज्य सञ्चालकले विद्यालय स्थापना गरेको अभ्यास इतिहासको खास कालखण्डमा मात्रै पाइन्छ। नेपाली राज्यले त बरु समुदायले स्थापना र सञ्चालन गर्दै आएका विद्यालयलाई निश्चित प्रक्रियाअन्तर्गत अनुमति र स्वीकृति मात्र दिँदै आएको हो र त्यसै अनुरूप आर्थिक सहयोग पनि। अझ सन् २००१ मा शिक्षा ऐनको सातौं संशोधनमार्फत राज्यले सार्वजनिक विद्यालयको सामुदायीकरण गर्ने नीतिगत तथा कानूनी निर्णय नै गर्‍यो। यसले विद्यालय सञ्चालनको आर्थिक तथा व्यवस्थापकीय बोझ पुनः समुदायमा हस्तान्तरण गर्‍यो। इतिहासका खास कालखण्डमा राज्यले विद्यालय स्थापना तथा सञ्चालनमा समुदायको अग्रसरताको अपेक्षा गर्नु स्वभाविकै थियो होला। तर राज्यको सबलीकरणले कमजोर बनाएको सामुदायिकता, बढ्दो सहरीकरण तथा बजारीकरणले परिवर्तित सन्दर्भमा समुदाय तथा सामुदायिक सहभागिताबारे पुरातनवादी सोचले काम नगर्ने हेक्का हाम्रो राज्यले राख्न सकेको छैन। यस्तै परिप्रेक्ष्यमा सहरी क्षेत्रमा निजी विद्यालयको उपस्थिति बढेको र राज्यले पनि सहरका केटाकेटी निजी विद्यालय नै जान्छन् भन्ने मनसाय बोकेको छ भन्ने बुझ्न सकिन्छ।

## बढ्दो नाफामुखी निजीकरण

सन् १९८० को सुरुआतीमा नगण्य मात्रामा रहेका निजी विद्यालय सन् १९९० यता हजारौंको संख्यामा देशैभरि खुलेका छन्। विद्यालय शिक्षामा मात्र नभई उच्चशिक्षामा पनि सम्बन्धनमार्फत् यो प्रवृत्ति उस्तै छ। हाल करिब २० प्रतिशत विद्यार्थी निजी विद्यालयमा अध्ययनरत छन्। खासमा विद्यालय शिक्षामा निजी क्षेत्रको यतिबिघ्न दबदबा हुनु नपर्ने हो। सन् १९९० पछिका सबै संविधानले शिक्षालाई आधारभूत मौलिक अधिकारका रूपमा प्रत्याभूत गरिसकेपछि पनि निजी विद्यालयको संख्या व्यापक वृद्धि भइरहेको छ।

क्षेत्रीय-भौगोलिक हिसाबले हेर्दा तराई-मधेस, काठमाडौं उपत्यका तथा पश्चिमाञ्चल क्षेत्रका पहाडी जिल्लामा निजी विद्यालयको उपस्थिति उलेख्य भइसकेको छ। उदारहणका लागि, तराईमा कुल विद्यार्थीमध्ये करिब ४२ प्रतिशत निजी विद्यालयमा अध्ययनरत छन् भने काठमाडौंमा करिब ७० प्रतिशत। अन्य सहरी क्षेत्रमा पनि निजी विद्यालयको उपस्थिति उल्लेख्य छ। यसरी हेर्दा जनसंख्या वृद्धिदर जहाँ उच्च छ त्यहाँ निजी विद्यालय खुल्ने दर पनि उच्च छ। यसले केही हदसम्म आम मानिसको बढ्दो शैक्षिक आकांक्षालाई पूर्ति गरेको तर्क पनि गर्न सकिन्छ। यद्यपि यसको चिन्ताजनक पक्ष के छ भने यसले शिक्षाको प्रबन्ध गर्ने राज्यको संवैधानिक दायित्वलाई निकै कमजोर बनाइदिएको छ र राज्यबाट निःशुल्क शिक्षा पाउनुपर्ने नागरिकको नैसर्गिक संवैधानिक अधिकारमाथि पनि कुठाराघात गरेको छ। निजी विद्यालयको वृद्धिले समाजमा विभिन्न किसिमका वर्गीय विभेद निम्त्याएको तथा शिक्षामा व्यापारीकरणलाई बढावा गरेको पनि सहजै देख्न सकिन्छ।

## अन्त्यमा

सन् १९५० यता राज्यले संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धिमार्फत प्रत्याभूत गरिएका नैसर्गिक शैक्षिक अधिकार कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे पनि विशेषगरी सन् १९९० यता सबै नेपाली नागरिकलाई निःशुल्क शिक्षा प्रदान गर्ने सार्वजनिक विद्यालयको क्रमिक क्षयिकरण र *अविस्तार* तथा शुल्कमा आधारित नाफामुखी निजी विद्यालयको उल्लेख्य विस्तार भइरहेको छ। राज्यले विद्यालय सञ्चालनका लागि अपरिहार्य आवश्यक शिक्षक सख्या पनि उपलब्ध गराउन नसकेकैले कसैको क्षयिकरण र अरु कसैको उन्नयन भइरहेको बुझ्न कठिन छैन। तीव्र शहरीकरणले सार्वजनिक विद्यालयको सँख्यात्मक वृद्धि तथा सञ्चालनरत संस्थाको गुणात्मक अभिवृद्धिको अपेक्षा गरे पनि यस्ता ठाउँमा नयाँ सार्वजनिक विद्यालय खोलिएका छैनन् नै, भएका विद्यालय पनि बन्द हुने अवस्थामा छन्, जसले गर्दा सहरी क्षेत्रमा सार्वजनिक विद्यालयको संख्या खास रुपमा घट्दो छ र निजी विद्यालयको सँख्या बढ्दो छ। सार्वजनिक शिक्षामा थप प्रतिबद्धता जाहेर गरिरहेको 'राजनीतिक' सन्देश दिँदादिँदै पनि राज्यले एकातर्फ विद्यालय शिक्षाको निजीकरण र अर्कोतर्फ सार्वजनिक विद्यालयको सामुदयिकरणमार्फत 'अर्ध-सरकारी' शिक्षालाई प्रेरित गरिरहेको अनूभुति गर्न सकिन्छ। र यो सबै विकासक्रमसा नेपाली राज्य दर्शकदीर्घामा एउटा 'तमासे' का रुपमा प्रस्तुत भइरहेको देख्न सकिन्छ।